का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ९७
❒ १४ जेठ २०७७, बुधबार
❒ 27 May 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/–

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

अपडेट: सोमबार साँझसम्म

	संक्रमित	निको भएको	परिक्षण गरिएको	आइसोलेसनमा	मृत्यु
नेपालमा	७७२ जना	१५५ जना	५४४२४	५८२	४ जना

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

	संक्रमित	निको भएको	मृत्यु भएको	उपचारत
विश्वभर	५६ लाख १९ हजार	२३ लाख ९४ हजार	३ लाख ४९ हजार	२८ लाख २३ हजार

स्रोत : वर्ल्डोमिटर डटकम

चौरजहारी लज्जा

■ संसदीय छानबिन समिति बन्नुपर्छ: काँग्रेस ■ पाँच सदस्यीय छानबिन समिति गठन: गृह मन्त्रालय

तीन जनाको हत्या र तीन जना बेपत्ता रहेको चौरजहारी प्रकरणले नेपाली समाजको अहिष्णुता मात्रै प्रतिविम्बित गरेको छैन । सरकार माथि कानूनी शासन प्रत्याभूत गराउँदै विभेद रहित समाज निर्माणको प्रश्न समेत उठेको छ । निष्कर्ष– यो प्रकरण एउटा राष्ट्रिय लज्जा बनेको छ ।

रूकुम पश्चिम जौरजहारीमा हत्या भएकाहरूलाई न्याय दिलाउन मागसहित राजधानीमा भएको प्रदर्शनका सहभागीहरू । र प्रेमिका लिन जाँदा हत्या गरिएका नवराज विक (दायाँ) ।

मध्यान्ह संवाददाता
काठमाडौं, १३ जेठ ।

रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ आउला प्रकरणमा बेपत्ता भएका तीन जना मंगलबार साँझसम्म पनि फेला पर्न सकेका छैनन् । भेरी नदी किनारमा भेटिएका तीन जनाको भने जिल्ला अस्पताल शव जाजरकोट जिल्ला अस्पतालमा राखिएको छ । तर, आफन्तले शव बुझ्न मानेका छैनन् ।

गएको जेठ १० गते चौरजहारीमा केटी लिन गएका जाजरकोट भेरी नगरपालिकाका ती युवाको शव फेला परेको छ । जाजरकोट भेरी नगरपालिका-४ का मोहन विकका छोरा २१ वर्षीय नवराज, रुकुम पश्चिम चौरजहारी-१ का लामिछाने बस्ने २० वर्षीय टीकाराम सुनार र जाजरकोट भेरी नगरपालिका-४ का १७ वर्षीय गणेश बुढाको शव फेला परेको छ । रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ आउलाका वीरबहादुर मल्लकी छोरी लिन नवराज सहितको टीम भेरी नगरपालिकाबाट त्यहाँ गएका थिए ।

तर, दलित समुदायका केटा भएको भन्दै केटी लिन गएका समूहमाथि आक्रमण भएको थियो । आक्रमण पछि बेपत्ता भएका भरी नगरपालिका-११ का लोकेन्द्र सुनार, गोविन्द शाही र सन्जु विक अझै बेपत्ता छन् ।

■ संसदीय समितिको माग

उक्त घटनाको अनुसन्धान गर्न प्रमुख प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले संसदीय छानबिन समितिको गठन हुनुपर्ने माग राखेको छ । प्रतिनिधिसभाको मंगलबार बसेको बैठकमा काँग्रेस सांसद मीनबहादुर विश्वकर्माले २१औं शताब्दीमा जातीय हिंसा र नरसंहार हुनु सभ्य समाजका लागि सुहाउँदो विषय नभएको भन्दै सत्यतथ्य छानबिनका लागि उच्चस्तरीय संसदीय समिति गठन गर्न माग गरे ।

घटनामा बेपत्ता भएकाको खोजी, घाइतेको उपचार, मृतकका परिवारलाई क्षतिपूर्ति र घटनामा संलग्नलाई कडा कारवाही गर्न सरकारको ध्यानाकर्षण गराए । नेपालको इतिहासमै ठूलो जातीय नरसंहार भएको उनको भनाइ थियो । "जातीय विभेदको घटनाबाट ६ जनाको ज्यान गएको छ । तीन जनाको शव भेटिएको छ भने तीन जना बेपत्ता छन्", उनले भने ।

सरकारले सामान्य घटनामा छानबिन समिति बनाउने गरे पनि जातीय विभेदका कारण भएको घटनामा छानबिन समिति गठन नहुनु दुःखद् भएको बताए । स्थानीय जनप्रतिनिधिको रहोवरमा घेराबन्दी गरेर दलित युवामाथि साङ्घातिक हमला गरिएको पाइएको उनले बताए ।

"दलित युवालाई चार किलोमिटर लखेटेर भेरी नदी किनारमा लगेर हत्या गरिएको छ" उनले भने, "प्रहरीले घटनाको सत्यतथ्य छानबिन गर्न असहयोग गरेको जस्तो बुझिएको छ, जिल्ला प्रशासन कार्यालयलाई घटनाको छानबिन नगर्न दबाब दिइएको पाइएको छ ।"

सांसद पार्वतीकुमारी विशुन्खेले पश्चिम रुकुम घटनाले समग्र ६० लाख दलितको आत्म सम्मानमा चोट पुगेको भन्दै उच्चस्तरीय छानबिन समिति गठन माग गरिन् । यस्तै रेणुका गुरुङले उक्त घटनाको सत्यतथ्य छानबिन गर्न माग गरिन् । सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का सांसद जनार्दन शर्माले घटनाको प्रकृति, यथार्थ अध्ययन गर्न जाजरकोट र रुकुमका प्रशासन अन्ततः

बाँकी पृष्ठ २ मा

आखिरी कहिलेसम्म ?

जारकोटी यूवा वर्ष २१ का नवराज विक र सुस्मिता मल्ल बीचको प्रेम सम्वन्ध गतबर्षदेखि कै हो, भन्ने उनका दुबै पक्षका आफन्त र चौरजहारी नपाको इलाका प्रहरी कार्यालयलाई समेत राम्रो जानकारी छ । केही महिना पहिला प्रेमलाई विवाहमा परिणत गर्न नवराज आफ्नी प्रेमीलाई लिन चौरजहारी पुगेका र त्यहाको इलाका प्रहरीले थाहा पाएपश्चात केटाकेटी दुवैलाई राखी उमेर पुगेपछि विवाह गर्ने शर्त गराई आ-आफ्नो घरमा पठाएको रेकर्ड इलाकामा खोजे पाइन्छ ।

तर, विडम्वना दोस्रो पटक पनि प्रेमिकाले नै बोलाएपछि आफ्ना दौतर साथी लिएर प्रेम सम्वन्धलाई बैवाहिक सम्वन्धमा परिणत गर्ने सपना बोकेर गएका नवराजले आफ्नो मात्र ज्यान गुमाएनन्, आफूसँग गएका २ जनाले पनि ज्यान गुमाए भने ३ जना अझै वेपत्ता छन्

मारिएका: ६ जना मारिनुमा (चौरजहारी वडा नं. ८ का का वडा अध्यक्षको नेतृत्वको ठुलो जत्थाले घेराबन्दी गरी कुटीकी विभत्स हत्या गरी भेरी नदीमा फालेका र ३ जना नवराव विक, टीकाराम नेपाली र गणेश बुढामगरको शव भेरी नदिमा भेटीए पनि ३ जना लोकेन्द्र सुनार, सञ्जु वि.क र गोविन्द शाहीको अझै सव भेटिएको छैना।) यो भन्दा ठुलो समाजमा अरु बर्बता के हुन सक्छ ?

सभामुख महोदय,

तत्कालीन व्यवस्थापिका संसदबाट जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन २०६८ जेठ १० गते पास भएकै दिन उत्सवको रुपमा मनाउनु पर्ने दिन जातकै कारण ६ जनाको सामुहिक हत्या गरियो । जहाँबाट उत्पीडनमा परेका वर्ग समुदायले अपनत्व गर्ने शासन सत्ता ल्याउनु पर्छ भनि सुनौला सपना बाडेर तत्कालीन माओवादी पार्टीले जनयुद्धको घोषण गरेको थियो, त्यो जनयुद्धमा शहीद भएको दलितको सपना यही थियो, सभामुख महोदय जातकै कारण मारिने ?

■ पार्वती विशुंके

> अन्तर जातीय प्रेम गर्नुको सजाय मारिनु हो ? यो जत्तिको मानव सभ्यताका लागि अमानवीयता र बर्बरता के हुन् ? हामीले ल्याएको कस्तो व्यवस्था ल्यायौं ? हामीले रगत बगाउनुको मूल्य यो थिएन र होइन

दुवैको हित्तचित्त मिलेर प्रेमिकाले लिन आउ भनि गरेको आग्रहमा जन्ती लिएर आफ्नी प्रेमीलाई बेहुली बनाई ल्याउँछु भन्नु, मन मिल्ने दौतरि सँगै बस्ने प्रण गर्नु महापाप हो, सभामुख महोदय ?

अन्तरजातीय प्रेमकै कारण जाजरको नवराव विक जस्ता कति दलित मारिनु पर्ने हो, धादिङ्गमा मारिका काभ्रेका अजित मिजार, जसको शरीर ४ वर्षदेखि शिक्षण अस्पताल महाराजगञ्जमा न्यायको प्रखाईमा छ ।

रुपन्देकी दलित महिलाको अन्तरजातीय विवाहकै कारण यही १० गते हत्या गरी रुखमा झुण्डाइएको छ । चिया पसलको चुलो छोएको निहुमा, दलित जनप्रतिनिधिले आत्मा सम्मानका लागि बोलेको निहुँमा र छोराले अन्तरजातीय विवाह गरेकै कारण बावुको हत्या हुन कहिलेसम्म ? अब कति अजित मिजारका जस्ता अन्तरजातिय प्रेमका कारण मारिएका मुर्दाले कति अस्पतालको शव हल भनु पर्दछ, कति दलित दलितलाई कुटीकुटी विभत्स हत्या गरी नदीमा बगाउनु पर्दछ, धनुकामा ४ जनाबाट बलाकृत भएकी १३ वर्षीया बालिका जसको गर्भमा ५ महिनाको बच्चा छ ।

मोरङ्की १४ बर्षिया बालिका बलात्कृत भइन्, पोखराका मोहान सुनारले भाईको किरिया गर्ने सार्वजनिक किरिया पुत्री भवन जातकै कारण उपयोग गर्न पाएनन् । जाजरकोटका वडा अध्यक्ष राकबहादुर सुनार जातकै कारण कुटिएर घाइते भई अस्पतालको शश्यामा छन् ।

यो सिङ्गो दलित माथिको आक्रमणले उग्र रुप लिएको छ । यी सबै घटनाको संपेषण गर्ने संयन्त्र मन्त्रालयमा छ कि छैन । हजुरको आशनमा पुग्यो पुगेन । पुगेको भए किन बोल्नु हुदैन ? अब बोलेर जवाफ दिनुहोस्, गृह मन्त्री ज्यू । धेरै अविलम्व नगरौं । ६० लाख दलितले तपाई जवाफ कुरेर बसेका छन् ।

अन्तर जातीय प्रेम गर्नुको सजाय मारिनु हो ? यो जत्तिको मानव सभ्यताका लागि अमानवीयता र बर्बरता के हुन् ? हामीले ल्याएको कस्तो व्यवस्था ल्यायौं ? हामीले रगत बगाउनुको मूल्य यो थिएन र होइन पनि ।

सरकार अब जनतालाई शास्त्र घोटाउनु होइन, कानुन घोटाऊ । सामन्त घोटाउने होइन, समाजवाद घोटाऊ ।

बर्बता होइन, भातृत्व सिर्जना गर्न

बाँकी पृष्ठ २ मा

आर्थिक सर्वेक्षणमा वैदेशिक रोजगार

विदेश जाने र रेमिट्यान्स दुवै घट्ने

मध्यान्ह संवाददाता
काठमाडौं, १३ जेठ

अर्थ मन्त्रालयले कोरोना भाईरस (कोभिड -१९) कारण विश्व आर्थिक गतिविधिमा सुस्तता आएसंगै वैदेशिक रोजगारीका अवसरहरु गुम्दा नेपालको भुक्तानी सन्तुलनमा प्रभाव पार्ने बताएको छ । अर्थमन्त्री डा युवराज खतिवडाले संसदमा पेश गरेको चालु आर्थिक वर्ष ०७६/०७७ को आर्थिक सर्वेक्षणमा कोरोना भाइरसका कारण गन्तव्य मुलुकमा कामदाहहरुको तलव लगायतका सुविधाहरु कटौतीहुने तथा वैदेशिक रोजगारी प्रतिको लगाव कम हुनसक्ने भएकोले आगामी दिनमा रेमिट्यान्स घट्ने बताएको छ ।

मन्त्रालयले चालु आर्थिक वर्षको प्रथम आठ महिनामा बैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीहरुको संख्या अघिल्लोवर्षको सोही अवधिको तुलनामा २४.२ प्रतिशतले बृद्धि भएकोमा कोभिड १९ को संक्रमण शुरु भएपछि वैदेशिक रोजगारीको प्रकृया रोकिएको तथा पहिले श्रम स्वीकृति लिएका कतिपय नेपाली वैदेशिक रोजगारका जान नपाएकोले यस आर्थिक वर्ष वैदेशिक रोजगारीका जानेको संख्या उल्लेख्य रुपमा कम हुने औंल्याएको् छ ।

अघिल्लो आर्थिकवर्ष बैदेशिक रोजगारीबाट ८ खर्ब ७९ अर्व रेमिट्यान्स आएकोमा चालु आर्थिक वर्षको आठ महिनामा ५ खर्ब ९२ अर्ब प्राप्त भएको जानकरी गराउँदै मन्त्रालयले यसले चालु खाता एवं शोधान्तार शन्तुलन तथा विदेशी विनिमय संचितिमा चाप पर्ने भएकोले आगाी वर्ष वाह्य क्षेत्र सन्तुलनमा थप दवाव पर्ने उल्लेख गरेको छ ।

यस वर्षको फागुन मसान्तसम्म करीव दुई लाख नेपाली मात्र बैदेशिक रोजगारीमा गएका छन् । अर्थमन्त्रालयले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण अनुसार फागुन मसान्त सम्म १ लाख ९० हजार ३ सय ८८ जना नेपाली श्रम स्वीकृति लिएर बैदेशिक रोजगारीमा गएका छन् ।

त्यसमा कतारमा २ हजार ३ सय ८३ महिला सहित २९ हजार ८ सय ३५ जना रोजगारीका लागि गएका छन् । मलेसियामा ४ सय महिला सहित ३९ हजार १ सय ७६ जना ,यूएईमा ७ हजार ३ सय ५५ महिला सहित ५२ हजार ४६ जना ,२ सय २४ महिला सहित साउदी अरबमा ३९ हजार २ सय ७९ जना, १ हजार २ सय ७ महिला सहित कुवेतमा ८ हजार ९ सय ७३ जना गएका छन् ।

त्यसैगरी ४ सय १२ महिला सहित बहराईनमा ३ हजार ३ सय ५ जना, २ सय ९१ महिला सहित ओमनमा १ हजार ९ सय ९५ जना,४७ जना दक्षिण कोरीयामा ५ जना लेवनानमा, १४ जना ईजलायलमा, ९ सय १९ जना अफगानिस्तानमा, जापानमा ९ सय ३३ जना र अन्य विभिन्न देशमा गरी १३ हजार ८ सय ७० जना गएका छन् । यसमा ईपिएस मार्फज दक्षिण कोरीया गएका कामदारहरुको संख्या जोडिएको छैन ।

मन्त्रालयले बैदेशिक रोजगारीमा गएका कामदारको यो संख्या अघिल्लो आर्थिक वर्षको तुलनमा ०.०३ प्रतिशत कम रहेको उल्लेख गर्दै

बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

मलेसियाबाट अवैध कामदार फर्काउन सक्रियता

काठमाडौं– मलेसियाले कोरोना भाइरस (कोभिड-१९)को संक्रमण नरहेका गैरकानुनी हैसियतका विदेशी कामदारलाई स्वदेश फर्काउने भएको छ । मलेसियाका सुरक्षा मन्त्री स्माइल साब्री याकोभले मंगलवार त्यहाँको गृहमन्त्रालय सहित विभिन्न मन्त्रालयसंगको छलफल पछि उक्त निर्णय गरिएको बताएका छन् ।

उनले अवैधानिक कामदार फिर्ता पठाउन सबै सरकारी निकाय परिचालन गरिने समेत जानकारी दिएका छन् । उनले स्वदेश फर्काइनुअघि सबैलाई अनिवार्यरुपमा (कोभिड-१९) को परीक्षण गरिने पनि बताए । मलेसियामा हाल अवैध आप्रवासी कामदारलाई बुकित जेल, सेमीन्हया र सेपाङ घर फिर्ति केन्द्रमा राखिएका छन् ।उनीहरुको स्वाव परीक्षण भइरहेको मन्त्री याकुबले बताए । २ सय २७ विदेशी कामदार राखिएका डिपोर्टेसन सेन्टरमा हालसम्म ३ जना

बाँकी पृष्ठ २ मा

घट्यो आर्थिक बृद्धिदर

पछिल्लो तीन वर्ष ७.३ प्रतिशतको औसतमा रहेको आर्थिक बृद्धिदर यो वर्ष महामारीका कारण २.३ प्रतिशतमा झर्ने अर्थमन्त्रालयले प्रतिवेदन तयार पारेको छ ।

मध्यान्ह संवाददाता
काठमाडौं, १३ जेठ ।

सरकारले चालू आर्थिक वर्षको आर्थिक वृद्धिदर २.३ प्रतिशत हुने जनाएको छ । अर्थमन्त्री डा युवराज खतिवडाले संघीयमा संसदमा पेश गरेको चालू आर्थिक सर्वेक्षण २०७६/७७ मा कोरोनाका कारण विश्व अर्थतन्त्र नै प्रभावित भएको सन्दर्भमा नेपालको आर्थिक वृद्धिदर सरकारले तय गरेको भन्दा निक्कै कम हुने बताए ।

सरकारले चालू आवमा ८.५ प्रतिशत आर्थिक वृद्धिदर हुने प्रक्षेपण गरेको थियो । केही समय पहिले राष्ट्रिय तथ्याङ्क विभागले २.२७ प्रतिशत मात्रै वृद्धि हुने प्रक्षेपण गरेको थियो । कोरोनाका कारण नेपालको अर्थतन्त्रमा पनि प्रभावित हुन गएकाले वृद्धिदर कम हुने देखिएको हो । पछिल्ला तीन वर्षमा आर्थिक वृद्धिदर उत्पादकको मूल्यमा औसत ७.३ प्रतिशत रहेको थियो ।



आव २०७६/७७ मा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर क्रमशः २.५, ३.४ र दुई प्रतिशत रहने अनुमान गरिएको छ । यस्तै चालू आवमा प्रतिव्यक्ति कूल ग्रार्हस्थ्य उत्पादन गत वर्षको तुलनामा ७.५ प्रतिशतले बढेर रु एक लाख २६ हजार १८ हजार अर्थात् एक हजार ८५ अमेरिकी डलर पुग्ने अनुमान छ । केही वर्षदेखि मुद्रास्फीति एक दशकको औसतभन्दा तल रहन सकेको जानकारी दिँदै अर्थमन्त्री डा खतिवडाले चालू आवको फागुन मसान्तसम्म उपभोक्ता मुद्रा स्फीति दर ६.५ प्रतिशत रहेको बताए । अघिल्लो आवको सोही अवधिमा

बाँकी पृष्ठ २ मा

बढ्दै संक्रमण, फैलँदै त्रास

नेपालमा संक्रमितको संख्या ७७२ पुग्यो

मध्यान्ह संवाददाता
काठमाडौं, १३ जेठ

मंगलबार थप ९० जना नयाँ कोरोना संक्रमित थपिएका छन् । योसँगै नेपालमा संक्रमितको संख्या ७ सय ७२ पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार देशका विभिन्न प्रयोगशालामा भएको परीक्षणमा ९० जनाको रिपोर्ट पोजेटिभ आएको छ । २ वर्षीया बालिकामा समेत संक्रमण देखिएको छ ।

मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाका अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोशालामा गरिएको पीसीआर परीक्षणमा ३५ जनाको रिपोर्ट पोजेटिभ आएको हो। जसमा महोत्तरीका २ जना रहेका छन् । यस्तै जुम्ला स्थायी ठेगाना भई बारामा कार्यरत २ जना, बाराकै ३ जनामा संक्रमण देखिएको छ । रौतहटका २१, सिरहाका ५ जनामा संक्रमण पोजटिभ देखिएको छ । एक जना जनकपुर अस्पतालमा उपचाररत धुनुषाका पुरुषको पनि पोजेटिभ रिपोर्ट आएको छ । भेरी अस्पतालको प्रयोगशालामा गरिएको परीक्षणमा बाँकेका ७ जनाको रिपोर्ट पोजेटिभ आएको छ ।

यस्तै राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षणमा कपिलवस्तुका २४ जनाको रिपोर्ट पोजेटिभ आएको छ । जसमा २ वर्षीया बालिका पनि छन्। रुपन्देहीको प्रादेशिक अस्पतालमा कपिलवस्तुकै ७ जनामा संक्रमण देखिएको छ । यस्तै अर्घाखाँचीका २, गुल्मीका २ र सेती प्रादेशिक अस्पतालमा भएको परीक्षणमा कैलालीका १ र अछामका १ जनामा संक्रमण पोजेटिभ देखिएको हो । पोखरामा भएको परीक्षणमा स्याङ्जाका २ जनामा पोजेटिभ देखिएको छ । सुर्खेत प्रादेशिक अस्पतालमा भएको परीक्षणमा सुर्खेतका १२ जनामा कोरोना पोजेटिभ देखिएको प्रवक्ता देवकोटाले बताए ।

पीसीआर विधिबाट ५४ हजार ४ सय २४ नमुना परीक्षण भएको छ । यस्तै आरडिटी विधिबाट ९७ हजार ९ सय ६७ जनाको नमुना परीक्षण भएको छ। प्रवक्ता देवकोटाका अनुसार पछिल्लो २४ घण्टामा पीसीआर विधिबाट ३ हजार ७ सय ८२ र आरडिटी विधिबाट २ हजार ७ सय ७५ जनाको नमुना परीक्षण गरिएको छ ।

यस्तै प्रदेश नम्बर १ मा ११ हजार ६६, प्रदेश नम्बर २ मा ६ हजार ५ सय ६१, बागमती प्रदेशमा २४ हजार २ सय १६ र गण्डकी प्रदेशमा ७ हजार ७ सय १ जनाको आरडिटी परीक्षण भएको छ। यस्तै प्रदेश नम्बर ५ मा १६ हजार ८ सय ८०, कर्णाली प्रदेशमा १० हजार ६ सय १८ र सुदूरपश्चिम प्रदेशमा २० हजार ९ सय २५ जनाको आरडिटी परीक्षण भएको छ ।

क्वारेन्टाइनमा अहिलेसम्मकै उच्च संख्यामा रहेका छन् । देशभरीका विभिन्न क्वारेन्टाइनमा ५५ हजार बढी छन् । प्रवक्ता देवकोटाका अनुसार प्रदेश नम्बर १ मा १ हजार ७ सय ५८, प्रदेश नम्बर २ मा १० हजार ५ सय ३५, बागमती प्रदेशमा ९ सय ६४ र गण्डकी प्रदेशमा १ हजार ५ सय १३ जना क्वारेन्टाइनमा रहेका छन्। यस्तै प्रदेश नम्बर ५ मा २३ हजार ५ सय ८९, कर्णाली प्रदेशमा ५ हजार २ सय ६६ र सुदूरपश्चिम प्रदेशमा ११ हजार ६ सय ५७ गरी देशभरी ५५ हजार २ सय ८२ जना क्वारेन्टाइनमा रहेका छन् । अहिलेसम्म १ सय ५५ जना कोरोना संक्रमित उपचारपछि निको भएर घर फर्किएका छन् ।

स्वास्थ्यमन्त्री क्वारेन्टाइनमा

काठमाडौं/मस– स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाल शुक्रबारदेखि होम क्वारेन्टाइनमा बसिरहेका छन् । मन्त्री ढकाल मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरमा उपचार रहेकी एक बिरामीलाई अस्पतालमै भेट्न गएका थिए । ती बिरामीको स्वाब परीक्षण गर्दा शुक्रबार उनमा कोभिड-१९ पोजेटिभ देखिएको थियो । आफूले भेटेका ती बिरामीमा कोभिड-१९ पुष्टि भएपछि स्वास्थ्यमन्त्री ढकाल गत विहिबारबाट होम क्वारेन्टाइनमा रहेको उनका प्रमुख स्वकिय सचिव समेत रहेका मन्त्रालयका उपसचिव लीलाराज पौडेलले बताए । मन्त्री ढकाल आफन्त पर्ने ती बिरामीलाई भेट्न उनमा कोरोना पुष्टि हुनु दुईदिनअघि गएका थिए ।

‘बिरामीलाई भेट्दा पीपीई लगाउनुभएको थियो। तर पनि बिरामीलाई पोजेटिभ देखिएपछि उच्च सतर्कता अपनाउँदै मन्त्रीज्यू होम क्वारेन्टानइमा बसिरहनु भएको छ’, उनले भने, ‘यसअघि उहाँमा गरिएको परीक्षणमा पनि कोरोना नेगेटिभ आएको थियो।’ होम क्वारेन्टाइनमा रहेका कारण सोमबारको मन्त्रिपरिषद् बैठकमा पनि मन्त्री ढकाल अनुपस्थित थिए । मन्त्री ढकाल बिहीबारदेखि मन्त्रालय पनि गएका छैनन् ।

यसअघि कोभिड-१९ संक्रमण सुरु भएपछि शनिबार पनि मन्त्री ढकाल मन्त्रालय आउने गरेका थिए । ५ दिनदेखि होम क्वारेन्टाइनमा बसेका मन्त्री ढकालको स्वाब मंगलबार बिहान स्वाब संकलन गरिएको छ ।

टोखा र बूढानीलकण्ठ मन्दिर क्षेत्र सिल

काठमाडौं/मस– टोखा नगरपालिकाका दुई व्यक्तिमा कोरोना संक्रमण देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सोमबार थपिएका ७२ संक्रमितमध्ये टोखा नगरपालिकाका दुई रहेका छन् ।

काठमाडौँको उत्तरी क्षेत्रमा रहेको टोखा नगरपालिका वडा नं ३ टोखा बजार जाने उकालो नजिक र वडा नं ६ को धनेश्वरबाट ढलमलटार जाने बाटोमा भाडामा बस्ने दुई पुरुषमा कोरोना संक्रमण देखिएको हो । नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले टोखाका दुई व्यक्तिमा कोरोना संक्रमित देखिएसँगै उक्त क्षेत्रलाई सिल गरिएको जानकारी दिए ।

पछिल्ला समय काठमाडौँ उपत्यकामा कोरोना संक्रमितको संख्या बढेसँगै टोखा नगरपालिकाले आरडिटी र पिसीआर परिक्षणलाई तीव्रता दिएको थियो । टोखाले हालसम्म ८०० भन्दा बढी व्यक्तिको आरडिटी गर्दा १३ व्यक्तिमा आरडिटी रिपोर्ट पोजेटिभ देखिएपछि उनीहरुलाई पिसीआर परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा पठाइएको थियो ।

त्यस्तै बूढानीलकण्ठ नगरपालिका वडा नं ३ स्थित बूढानीलकण्ठ मन्दिर तथा शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्र आसपास सिल गरिएको छ । बूढानीलकण्ठ -३ मा बसोबास गर्ने ३७ वर्षीय एक युवकमा कोरोना संक्रमण पुष्टि भएपछि त्यस क्षेत्र बन्द गरिएको वडाध्यक्ष बालकृष्ण श्रेष्ठले बताए । सो क्षेत्रमा मानिसको आवतजावत रोकिनाका साथै पसल, व्यवसाय र अन्य सेवा पूर्ण रुपमा बन्द गरिएको छ । संक्रमितलाई अहिले शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुको आइसोलशनमा राखिएको छ । वडाध्यक्ष श्रेष्ठका अनुसार संक्रमित युवकले बन्दाबन्दी समयमा आफ्नो निजी गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गरेर समस्यामा परेका व्यक्तिलाई अस्पतालसम्म पुऱ्याउने काम गर्दै आएका थिए । नगरपालिकामा कोरोना संक्रमित हुने दुई जना पुगेका छन्। यसअघि सर्लाहीको रामनगर स्थायी घर भई हाल बूढानीलकण्ठ -१२ स्थित तेञ्जिङ चोकमा बसोबास गर्दै आएकी १८ वर्षीया एक युवतीमा कोरोना भाइरस पोजेटिभ देखिएको थियो ।

बन्दाबन्दीले वाग्मतीको पानी स्वच्छ बनाउने योजना प्रभावित



काठमाडौं/रासस– बन्दाबन्दीले उपत्यकाको सभ्यताको स्रोत वाग्मतीमा हिउँदमा पनि स्वच्छ पानी बगाउन शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्रको धापमा निर्माण शुरु गरिएको बाँधको काम प्रभावित भएको छ । धाप बाँधको भौतिक प्रगति ७६ प्रतिशत सम्पन्न भए पनि कोरोना भाइरसको सङ्क्रमणबाट बच्न जारी बन्दाबन्दीका कारण गत चैतदेखि नै काम बन्द भएको अधिकारसम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले जनाएको छ। बाँधमा काम गर्ने भारतीय मिस्त्री बन्दाबन्दीमा घर गएपछि नफर्किएका कारण काम हुन नसकेको समितिका आयोजना प्रमुख लीलाप्रसाद ढकालले जानकारी दिए ।

नेपाली मिस्त्रीले गर्न नसक्ने प्राविधिक काम भएकाले बन्दाबन्दीमा घर गएका कामदारका कारण प्रभावित भएको हो। धापमा बाँधको काम असार दोस्रो सातासम्म मात्र गर्न सकिन्छ । असार दोस्रो सातापछि वर्षात्का कारण काम गर्न सकिँदैन । कात्तिकपछि मात्र फेरि धाप बाँधको काम गर्न सकिन्छ । आयोजनाको हालसम्म ७० प्रतिशत वित्तीय प्रगति भएको छ ।

एशियाली विकास बैंकको करिब रु ५१ करोड ऋण सहयोगमा निर्माण भइरहेको बाँध गत वैशाखमै सक्ने लक्ष्य भए पनि बन्दाबन्दीका कारण अलपत्र बनेको हो । चौबीस मिटर उचाइको बाँधमा वर्षात्मा परेको पानी जम्मा गर्ने योजना छ । गत वैशाखमै निर्माण सम्पन्न गरी आगामी वर्षातमै बाँधमा पानी सङ्कलन शुरु गरी परीक्षण गर्ने योजना प्रभावित भएको छ। योजना प्रभावित हुँदा बाँधमा वर्षात्को पानी जम्मा गर्न एक वर्ष कुनुपर्ने भएको अधिकारसम्पन्न वाग्मती समिति सञ्चालक सदस्य राम साहले बताए ।

गोकर्णेश्वर नगरपालिका-१ स्थित धापमा बनिरहेको बाँधमा आकाशे पानी जम्मा गरी प्रतिसेकेण्ड ४० लिटर पानी वाग्मतीमा बगाइने योजना छ। बाँधमा आठ लाख ५० हजार क्युविक लिटर पानी अटाउँछ। बाँध भरिन चार वर्ष लाग्ने प्रारम्भिक अनुमान गरिएको छ। बाँध निर्माण सिँचाइ विभागको ठेक्कामा गुञ्जाउ-लामा-रमण जेभीले गरिरहेको छ। निर्माण कम्पनीका इञ्जीनियर रुपेशकुमार साह निकुञ्जभित्र गर्नुपर्ने काम भएकाले शुरुमा केही ढिलाइ भएको र अहिले फेरि बन्दाबन्दीले काम रोकिएको बताउँछन् ।

धाप बााध पर्यटन प्रवदर्धनमा सहयोगी

बाँध निर्माणपछि यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने सुन्दरीजलका स्थानीय पर्यटन व्यवसायी नारायण श्रेष्ठले बताए । निकुञ्जभित्र वरिपरि हरियाली डाँडाकाँडा एवं पारिपट्टि हिमालको रमणीय दृश्य देखिने भएकाले पर्यटकलाई यस स्थलले आकर्षित गर्ने गरेको छ ।

पर्यटकीय क्षेत्रका रूपमा स्थापित सुन्दरीजल-चिसापानी क्षेत्रलाई चिनाउन बाँधले पनि योगदान गर्ने यहाँका पर्यटन व्यवसायीको विश्वास छ। बाँधबाट चिसापानी तीन किमीको दूरीमा छ । सुन्दरीजलबाट निकुञ्जभित्रको १८ किमी यात्रा गरेपछि बाँध स्थल पुग्न सकिन्छ ।

हाल बाँध नजिकैबाट काठमाडौँ, सिन्धुपाल्चोक र नुवाकोटको सङ्गम स्थलमा रहेको पर्यटकीय स्थल चिसापानी जाने सडक छ । यो सडकबाट दैनिक सयौँ पर्यटक हेलम्बु, गोसाइँकुण्ड, मेलम्चीलगायत स्थानमा जान्छन् । यो मार्गबाट पर्यटक पैदल एवं सवारी दुवै माध्यमबाट जाने गरेका छन् ।

यो बाटोबाट लाङटाङ राष्ट्रिय निकुञ्जमा पदमार्गका रूपमा जाने बाह्य पर्यटकसमेत हिँड्ने बाटो छ। यसैगरी चिसापानी-भुले-नगरकोट पदमार्ग समेत यही बाटो जान्छ । यो मार्ग हिँड्ने विदेशी एवं स्वदेशी पर्यटकले हाल निर्माण भइरहेको बाँधस्थलमा सेल्फी खिचाउने गरेका छन् । हाल मानव निर्मित बाँध हेर्न कुलेखानीमा पर्यटकको भीड लाग्ने गरेको छ । धापको बाँध निर्माण सम्पन्न भएपछि रत्नपार्कबाट करिब ३३ किमी दूरी पार गरी धाप पुग्न सकिन्छ ।

वाग्मतीको पानी स्वच्छ बनाउन बााध

वर्षात्मा पानीको बहावले वाग्मती कम फोहर देखिने गरेको छ । हिउँदमा भने पानीको बहाव घट्ने गरेकाले नदी किनार दुर्गन्धित हुन्छ। वाग्मतीलाई स्वच्छ बनाउने उद्देश्यले गुह्येश्वरीमा निर्माण भइरहेको ढल प्रशोधन केन्द्र निर्माण पनि अन्तिम चरणमा पुगेको छ ।

निर्माण सकी हाल ढल प्रशोधनको परीक्षण भइरहेको छ। अत्याधुनिक यन्त्रबाट यहाँ ढल प्रशोधन गरी वाग्मतीमा पठाइने छ। यो केन्द्रबाट दैनिक तीन करोड २४ लाख लिटर ढल पानी प्रशोधन गरी स्वच्छ बनाइने छ ।

निकुञ्जभित्रको धाप बाँधको एक किलोमिटरमुनि अर्को ९० मिटर उचाइको बाँध बनाउन वातावरणीय प्रभाव मूल्याङ्कन भइरहेको छ । दुवै बाँधको पानी निकुञ्जको नागमती हुँदै सुन्दरीजलस्थित सुन्दरीमाईको मन्दिर नजिकै वाग्मतीमा मिसाइने छ ।

चौरजहारी....

सक्रियतापूर्वक लागेको आफूले पाएको बताए । स्थानीय पार्टी, सरकार घटनाको सत्यतथ्य छानबिन गर्न जुटेको जानकारी दिए ।

घटनाको छानबिन गर्न कुनै राजनीतिक दबाब हुनै नसक्ने उनको भनाइ थियो । “रुकुममा जातीय विभेदका घटनाको राजनीतिकरण हुँदैन, छानबिन हुन्छ”, जनप्रतिनिधिका हैसियतमा उनले भने । काँग्रेसका सांसदको विरोधका बीच सभामुख अग्निप्रसाद सापकोटाले उक्त घटनाका सम्बन्धमा आफ्नो ध्यानाकर्षण भएको भन्दै संयमता अपनाउन आग्रह गरे ।

लगत्तै सभामुख सापकोटाले काँग्रेसका सांसद प्रकाश रसाइलीलाई बोल्ने समय उपलब्ध गराए। सांसद रसाइलीले घटना बारे गृहमन्त्रीको जवाफ चाहेको बताउँदै घटनालाई राजनीतिक प्रभावका आधारमा कमजोर बनाउन खोजिएको आरोप लगाए ।

समिति गठन

बैठकमा गृहमन्त्री रामबहादुर थापाले उक्त घटनाको छानबिनका लागि पाँच सदस्यीय छानबिन समिति गठन गरिएको बताएका छन् । जाजरकोट र रुकुमपश्चिम बीचका केही युवा बीचमा विवाहको विषयलाई लिएर भएको घटनाका सम्बन्धमा छानबिनका लागि गृहमन्त्रालयका सहसचिवको संयोजकत्वमा प्रहरी वरिष्ठ उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अधिकृत, महान्यायाधिवक्ताको कार्यालयका अधिकृत र गृह मन्त्रालयका उपसचिव सदस्य रहने गरी समिति गठन गरिएको उनले बताए। समितिलाई एक महिनाभित्र प्रतिवेदन पेश गर्न अख्तियारी दिइएको छ ।

आयोगको आग्रह

राष्ट्रिय मानव अधिकार आयोगले अन्तरजातीय विवाहको विषयलाई लिएर भएको अमानवीय आपराधिक घटनाका दोषीलाई कानुनी दायरामा ल्याएर कारवाही गर्न आग्रह गरेको छ।

आयोगले प्रेस विज्ञप्तिमा अन्तरजातीय विवाहको विषयलाई लिएर भएको अमानवीय घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै सूक्ष्म र निष्पक्ष छानविन तथा अनुसन्धान गरी घटनामा संलग्न प्रत्येकलाई कानूनी दायरामा ल्याई कारवाही गर्न सरकारलाई आग्रह गरेको हो ।

जातीय विभेदको पराकाष्ठाका रुपमा देखिएको उक्त घटनामा नवराज विश्वकर्मा, टीकाराम सुनार, गणेश बुढाको हत्या तथा अन्य तीन जनाको स्थिति अज्ञात रहेकोप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ । देशका विभिन्न जिल्लामा विगत केही समययता बढ्दै गएको जातीय विभेदको घटनाप्रति शून्यसहनशीलता कायम गरी सबै घटनाको सूक्ष्म र निष्पक्ष अनुसन्धान गरी शीघ्र कानूनी कारवाही गर्न तथा घटनामा जीवन गुमाउनेका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन समेत आयोगले सरकारको ध्यानाकर्षण गराएको छ ।

१२ जना पक्राउ

मन्त्री थापाका अनुसार, केटा पक्षकै पाँच जनालाई अस्थायी प्रहरी पोष्ट रावतगाउँ र सात जनालाई इलाका प्रहरी कार्यालय चौरजहारीबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको छ ।

प्रहरीले युवतीका बुबा बीरबहादुर मल्ल, आमा प्रकाशी मल्ल र स्वयं युवती सुष्मा, वडाध्यक्ष डम्बर मल्ल, प्रत्यक्ष घटनामा संलग्न भनिएका सन्तोष मल्ल, मोहन पुनमगर, रमेश मल्लसहित १२ जनालाई प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ । सामाजिक सद्भाव, जातीय सद्भाव कायम राख्न, शान्ति सुरक्षाको अवस्थालाई मजबुद बनाइराख्न जिल्ला प्रशासन कार्यालय जाजरकोट र रुकुमपश्चिमबाट समन्वयात्मक ढंगले काम भइरहेको गृहमन्त्रीले बताए ।

आखिरी...

सिकाऊ। मानव मार्ने होइन, उसको जिउन पाउँने अधिकार छ भन्ने सिकाऊ ।

यो पनि स्मरण गराउँदछु सभामुख महोदय, आजको यो राष्ट्र निर्माणमा विसे नगर्चीदेखि १० वर्षे जनयुद्ध र २०६२/०६३ को १९ दिने जनआन्दोलन सफल पर्नेमा दलित समुदायको योगदान कम छैन । मलाई यो पनि स्मरण छ अधिकारको खोजी गर्दा गर्दा अधिकारको तिर्खा नमेटीए पछी यो समाजको बर्बतालाई सहन नसकि योगमाया जस्ता ५९ जनाले जल समादी लिएको पनि मेरै देश हो ।

२३८ वर्षे राजतन्त्र फालेर दलित र महिलाका हक संविधानमा व्यवस्था गरी कानुन बने । तर, यो कानुनलाई तोडमटोल गरी आफ्नो वर्ग, क्षेत्र, जात, धर्म र वर्ण अनुकुल बनाई व्याख्या गर्ने र बचाउ गर्ने जुन प्रवृति र परिपाटीको विकास भयो । यो संवैधानिक व्यवस्था भएको र संयुक्त राष्ट्र संघको पक्ष राष्ट्र भएको नेपालको खिलाफमा छ भन्ने हामी दलित समुदायको ठहर छ ।

अन्तमा, म यस गरिमामय सदनमा भन्न चाहन्छु- हामी ६० लाख दलित समुदाय न्यायका भोका छौं । न्यायकै तिर्खामा भएकाले हामीलाई सरकाले बुको सातु होइन , क्यूरिपाई भएको पानीको व्यस्था गरोस् । त्यो भनेको माथिको सबै घटनाको सत्यतथ्य छानविन र पीडितलाई न्यायको प्रत्याभुति दिनका लागि सरकारको तर्फबा निष्पक्ष र स्वतन्त्र प्रकृतिको उच्च स्तरीय न्यायिक छानविन समिति बनाइयोस् र जनताद्वारा अनुमोदित संसदबाट समेत उच्च स्तरीय संसदीय छानविन समिति गठन गर्न सभामुखबाट रुलिङ होस् भनि अनुरोध गर्दछु। धन्यवाद

(प्रतिनिधिसभा बैठकमा सांसद बिशुङ्केले राखेको मन्तव्य)

आर्थिक....

मन्त्रालयले स्वदेशमा रोजगारीको क्षेत्र बढेको कारण उक्त कमी आएको दावी गरेको छ ।

आर्थिक वर्ष ०७६/०७७ को फागुनसम्म रोजगारीका लागि श्रम स्वीकति लिने नेपालीको संख्या ५० लाख ४१ हजार रहेको छ भने ४७ लाख ९२ हजार वैदेशिक रोजगारीमा गएको बताएको छ । त्यस मध्ये ४५ लाख ५५ हजार पुरुष र २ लाख ३७ हजार महिला रहेको भन्दै मन्त्रालयले १.५ प्रतिशत दक्ष, २४ प्रतिशत अर्धदक्ष र ७४.५ प्रतिशत अदक्ष रहेको बताएको छ ।

प्रमुख गन्तव्यको हिसाबले कतार, मलेसिया, साउदी अरेविया,संयूक्त अरब ईमिरेट्स र कुवेत रहेका छन्। पछिल्ला वर्षहरुमा साईप्रस,रोमानिया, माल्दिप्स, माल्टा, जोर्डन र टर्कीजस्तादेशहरुलाई नेपाली युवाहरुले रोजगार गन्तव्य बनाएको उल्लेख छ ।

मन्त्रालयले फागुनसम्म ५ सय ९७ जना नेपालीको बैदेशिक रोजगारीका क्रममा मृत्यु भएको र त्यसमा पुरुषको संख्या ५ सय ८१ र महिलाको संख्या १६ रहेको जनाएको छ । गतवर्ष ७ सय ५४ नेपाली को वैदेशिक रोजगारीका क्रममा मृत्यु भएको थियो। वैदेशिक रोजगार बोर्डले ३७ करोड ३८ लाख रुपैयाँ आर्थिक सहायता प्रदान गरेको उल्लेख गरेको छ ।

मलेसियाबाट...

नेपाली कामदार संक्रमित रहेका छन् । कानूनी हैसियतका ५ लाख र गैरकानुनी हैसियतमा २५ हजार नेपाली रहेको मलेसियामा मंगलबारसम्म ६६ नेपाली कोरोना संक्रमित देखिएका छन् । त्यसमध्ये १३ जना निको भइसकेको नेपाली दुतावासले जनाएको छ ।

कोरोना संक्रमित विदेशी कामदारलाई मलेसियाले आफ्नै नागरिक सरह निःशुल्क उपचार गरिरहेको कारण उपचारमा कुनै समस्या नरहेको नेपाली दुतावासले जनाएको छ । मलेसियामा आवागमन नियन्त्रण आदेश (एमओसी)को अवधि जुन ५ सम्म छ। मलेसियाले आवागमन नियन्त्रण आदेश समाप्त भएको १४ दिनभित्र जनवरीयता भिसा सकिएका कामदारलाई स्वदेश फर्किन सूचना जारी गरेको छ ।

मलेसियाले गैर कानूनी हैसियतमा रहेका विदेशी कामदारलाई घर फर्काउने अभियान चलाएको छ। लुकिछिपी बस्नेहरुलाई पक्राउ नगरेको मलेसियाले गत मे १ देखि पुन : धरपकड गरिरहेको छ । तर नेपालीहरु पक्राउ नपरेको बताइएको छ। संयुक्त राष्ट्रसंघसहित स्थानीय अधिकारवादीहरूले कोभिड परीक्षण नगरी आप्रवासी कामदारहरु जथाभावी धरपकड नगर्न आग्रह गरिरहेका छन् । अनियन्त्रित रुपमा गरिने धर पकडले कोरोना भाइरसको संक्रमण बढेको उनीहरुको टिप्पणी छ ।

मलेसियामा संक्रमितहरुको संख्या खाडी मुलुकहरुको तुलनामा कम रहेपनि त्यहाँ कृषि, पयर्टन क्षेत्रका कामदार प्रभावित हुने र स्वास्थ्य उपचारमा प्रयोग हुने यन्त्र उपकरण, मास्क, पञ्जा र अन्य चिकित्सा उपकरण उत्पादन गर्ने उद्योगहरु र खाद्यान्न उत्पादन गर्ने औद्योगिक क्षेत्रका कामदार कम प्रभावित हुने आँकलन छ ।

घट्यो...

यस्तो मुद्रास्फीति दर ४.२ प्रतिशत थियो ।

कोरोना रोकथाम एवम् नियन्त्रणका लागि चालिएका कदमबाट सार्वजनिक एवम् निजी क्षेत्रको खर्चमा आएको सङ्कुचनले चालू आवमा कूल लगानी गत आवको तुलनामा ३.४ प्रतिशतले न्यून भई र १८ खर्ब ८९ अर्ब २६ करोड हुने अनुमान गरिएको छ । चालू आवमा प्रदेशगत कूल ग्राहस्थ्य उत्पादनको वृद्धिदर सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ४.१ र वाग्मती प्रदेशमा सबैभन्दा कम १.२ प्रतिशत हुने अनुमान गरिएको छ।

कर्णाली प्रदेशको ३.६, प्रदेश नं १ को ३.४, गण्डकी प्रदेशको २.७ र प्रदेश नं २ को २.३ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान छ । गत फागुन मसान्तसम्म रु १६ अर्ब १९ करोड अनुदान र ऋण रु ९३ अर्ब नौ करोड गरी कूल रु एक खर्ब नौ अर्ब २८ करोड विकास सहायता प्रतिबद्धता प्राप्त भएको सर्वेक्षणमा उल्लेख छ । गत फागुन मसान्तसम्म कूल सरकारी खर्च गत आवको सोही अवधिको तुलनामा १२.९ प्रतिशतले वृद्धि भई रु ६ खर्ब १० अर्ब ६८ करोड रहेको छ । सरकारी खर्चमध्ये चालू खर्च रु चार खर्ब ५० अर्ब ७८ करोड, पूँजीगत खर्च रु ९६ अर्ब ४८ करोड र वित्तीय व्यवस्था रु ६३ अर्ब ४२ करोड छ ।

गत फागुन मसान्तसम्म रु पाँच खर्ब ४६ अर्ब ७९ करोड बराबरको राजश्व उठेको छ जसमध्ये कर राजश्व रु चार खर्ब ९७ अर्ब ५४ करोड र अन्य राजश्व रु ४९ अर्ब २५ करोड छ। सरकारले सो अवधिसम्म प्रदेश र स्थानीय तहलाई रु ६४ अर्ब ६० करोड राजश्व बाँडफाँड गरेको छ।

चौतारा रङ्गशाला आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण (Scoping) सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०२/१४

बाग्मती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी नगरपालिकामा, बाग्मती प्रदेश सामाजिक विकास मन्त्रालय अर्न्तगत सार्वजनिक निर्माण कार्यान्वयन इकाई, भैंसेपाटी, काभ्रेपलाञ्चोकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगानाः बागमती प्रदेश सार्वजनिक निर्माण कार्यान्वयन इकाई, भैंसेपाटी, काभ्रेपलाञ्चोक

प्रस्तावको व्यहोराः ३८-१५-२-१.५७ (रोपनी-आना-पैसा-दाम)/१४७४०.६० वर्ग मिटर क्षेत्रफलमा ६५०० जना क्षमताको सुविधा सम्पन्न फुटबल रङ्गशालाको निर्माण ।

प्रभाव पर्ने जिल्ला/न.पा/वडा नं : सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी नगरपालिका, वडा नं.०५ ।

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी एकीन गर्न सो स्थानको न.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र)दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

प्रस्तावक	परामर्शदाता
सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश **सार्वजनिक निर्माण कार्यान्वयन इकाई,** भैंसेपाटी, काभ्रेपलाञ्चोक फोन नं: ०११-४९१२२६, इमेल: picukavre@gmail.com	**पिक प्वाइन्ट इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि** बुढानगर -१०, काठमाडौं फोन नं: ९८०१११८४५१, ९८४१५५०४२५

एन्फाको बैठक १९ गते आह्वान

मध्यान्ह संवाददाता
काठमाडौं, १३ जेठ

ALL NEPAL FOOTBALL ASSOCIATION
ANFA

अखिल नेपाल फुटबल संघ एन्फाले आगामी १९ गते कार्यसमिति बैठक बोलाएको छ। भिडियो कन्फ्रेन्समार्फत हुने बैठकका लागि ५ वटा एजेण्डा तय भएको जनाइएको छ। बैठकमा रहेका एजेन्डामा एन्फाको बार्षिक बैठक, कोरोनाबाट प्रभावित भएका ब्यक्तिलाई दिने भनिएको सहयोगका विषयमा पछि छलफल हुनेछ।

फिफाले दिएको पाँच लाख अमेरीकी डलरमा साँढे एक लाख डलर कोरोनाको सहयोगमा खर्च गर्न फिफाले अनुमति दिएको छ। यहि रकमबाट एन्फाले क्लव, जिल्ला, विभिन्न खेलाडीलाई सहयोग गर्ने भएको छ। कति जनालाई सहयो गर्ने भन्ने एकिन भइसकेपनि कति रकम दिने भन्ने यो बैठकबाट पारित हुनेछ। यो सहयोग पाउनेमा करिव १२ सय जना जति रहेको बताइएको छ।

यस्तै एन्फाको साधारण सभाका विषयमा पनि बैठकमा छलफल हुनेछ भने अनुशासनका विषयमा पनि बैठकमा गम्भीर छलफल हुने एक पदाधिकारीले बताए। त्यसमा पछिल्लो पटक निलम्बनमा पारेका ललितपुर अध्यक्ष पुरुषोत्तम थापाका विषयमा पनि कुरा हनसक्ने बताइएको छ।

एन्फाको साधारण चैत्रमा गर्ने भनिए पनि कोरोनाका कारण अनिश्चित समयका लागि स्थगित भएको थियो। तर कोरोनाको लकडाउन सकिए लगत्तै एन्फाले विशेष साधारण सभा गर्ने आन्तरीक तयारी गरेको छ।

भारतमा कोरोना संक्रमित डेढ लाख नजिक

नयाँ दिल्ली, एजेन्सी- भारतमा मङ्गलबारसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख ४५ हजार ३८० पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

मङ्गलबार जारी तथ्याङ्कअनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ४ हजार १६७ जना पुगेको छ। यस संक्रमणबाट निको भएका बिरामीको संख्या ६० हजार ४९० जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। हाल भारतमा ८० हजार ७२२ जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन्। यहाँमात्र ५२ हजार ६६७ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन्।

महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ। त्यहाँ १७ हजार ८२ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन्। गुजरातमा १४ हजार ४६० संक्रमति रहेका छन्। दिल्लीमा १४ हजार ७३ जना कोरोना संक्रमित रहेका छन्।

ग्लोबल नेप्लिज कराते अर्गनाइजेसन गठन

काठमाडौं, मस- विश्वभर रहेका नेपाली कराते खेलाडी तथा प्रशिक्षकहरूले देशको खेलविकासमा योगदान गर्ने उद्देश्यले ग्लोबल नेप्लिज कराते अर्गानाइजेसन गठन गरेका छन्।

नेपालमा करातेका खेल विकास र विस्तारमा सघाउ पुर्‍याउने उद्देश्यले सुरेन्द्रलाल श्रेष्ठको अध्यक्षतामा ग्लोबल नेप्लिज कराते अर्गनाइजेसन गठन भएको हो।

नेपाली करातेका पूर्वखेलाडी आरके श्रेष्ठ पहारीले देशमा रहँदा कराते खेलमा योगदान पुर्‍याएका पूर्वखेलाडी र प्रशिक्षकलाई विदेशमा रहेर पनि एकै ठाउँ उभ्याउने माध्यमका लागि ग्लोबल नेप्लिज कराते अर्गनाइजेसन गठन गरेका बताए।

आरकेका अनुसार सर्वसम्मत रूपमा कार्यसमिति गठन भएको हो। हाल दक्षिण कोरियामा रहेका आरके ग्लोबल नेप्लिज कराते अर्गनाइजेसनका उपाध्यक्षसमेत हुन्।

त्यस्तै अन्य उपाध्यक्षमा रामेश्वर श्रेष्ठ र जनक राई चयन भएका छन्। महासचिवमा सरोज भट्टराई, सचिवमा मुकेश बरुवाल र कोषाध्यक्षमा सुनीता श्रेष्ठ महर्जन चयन भएका छन्।

सदस्यहरूमा साजनराज मास्के, प्रशान्तकर्म सिंह, कृष्ण गुरुङ, लोकमानसिंह, मकेन्द्रबहादुर सिंह श्रेष्ठ र फुर्बा तामाङ छन्। अर्गनाइजेसनको मुख्य उद्देश्य नेपाली खेलाडीलाई खेल क्षेत्रमा अगाडि बढ्न उत्प्रेरणा दिने रहेको उपाध्यक्ष आरकेले जानकारी दिए। 'यसअघि पनि हामीले विदेशी भूमिमा रहेर नेपाली खेलाडीलाई अप्ठ्यारो परेको समयमा साथ दिँदै आएका थियौं,' आरकेले भने, 'अब संस्थागत रूपमै एकजुट भएर नेपाली खेलक्षेत्रको विकासमा लाग्ने लक्ष्य बनाएका हौं।' लकडाउनको समयमा अनलाइन प्रविधिबाट भएको भेलाले पिछडिएका क्षेत्रमा रहेका प्रतिभावान् खेलाडीको उत्थान र प्रवर्धनमा गहन भूमिका खेल्ने निष्कर्ष निकालेको छ।

सिटीका पूर्व डिफेन्डर पार्डोईको निधन

म्यानचेस्टर, एजेन्सी- इंग्लिस क्लब म्यानचेस्टर सिटीका पूर्व डिफेन्डर ग्लेन पार्डोईको निधन भएको छ। इंग्ल्यान्डका डिफेन्डर ग्लेनको मंगलबार ७३ वर्षको उमेरमा निधन भएको हो। सिटीले डिफेन्डर ग्लेनको निधन भएको पुस्टि गरेको छ। सन् १९६० र ७० दशक सिटीको सफल यात्रामा ग्लेन टिमका सदस्य थिए। विंगरको रुपमा फुटबल सुरुवात गरेका ग्लेन पछि डिफेन्डर बनेका थिए।

सन् १९७० को ईएफएल कपको फाइनलमा वेस्ट ब्रुमविरुद्ध उनले निर्णायक गोल गरेका थिए। उनी सिटीले सन् १९६८ को लिग, १९८६ को एफए कप र त्यसको एक वर्षपछि युईएफए कप जित्दा टिममा महत्वपूर्ण सदस्य थिए। सन् १९६२ को अप्रिलमा डेब्यु गरेका उनी सिटीमा डेब्यु गर्ने सर्वाधिक कम उमेरका खेलाडी हुन्। ग्लेन सिटीमा डेब्यु गर्दा १५ वर्ष ३ सय ४१ दिनका थिए।

सिटीका लागि ३ सय ८० खेल खेलका उनले सन् १९७६ मा सन्यास लिएका थिए।

रोमाका पूर्व एकेडेमी खेलाडी जोसेफ बोउसीको २१ बर्षको उमेरमा निधन भएको छ। उनको हृदयघातबाट निधन भएको क्लवले पुष्टि गरेको छ।

सन् २०१५ मा क्यानरुनबाट इटालीको रोम पुगेका उनले सुरुवातमा खेल्न प्रतिबन्ध लगाइएको थियो। सन् २०१७ मा रोमासँग अनुबन्ध हुनुभन्दा अगाडी उनले लिबेरी नान्टेस क्लवबाट खेलेका थिए। त्यो बेला उनी लोनमा सिरी ए को बी डिभिजन क्लव भिसेन्जामा गएका थिए। तर उनको अचानक मृत्युको खवरले रोमाले दुःख व्यक्त गरेको छ।

आफ्नो ट्विटरमा उसले जोसेफको मृत्यु भएको र उनी एकेडेमीमा हुँदा सबैसँग मिलनसार खेलाडी रहेको बताएका थिए।

बर्नेमाउथका किपर आरोनलाई कोरोना संक्रमण

लण्डन, एजेन्सी- इंग्लिस क्लब बर्नेमाउथका गोलकिपर आरोन रामस्डेललाई कोरोना भाईरसको संक्रमण देखिएको छ। गोलकिपर आरोनले मंगलबार आफूलाई कोरोना लागेको पुस्टि गरेका छन्। इंग्ल्यान्डको पत्रिका 'द सन'सँग कुरा गर्दै गोलकिपर आरोनले कोरोना भएको पुस्टि गरेका हुन्।

'पक्कै पनि म अचम्मित भए। मैले कसैसँग भेटघाट गरेको छैन। तर, कोरोना देखिएको छ,' सेल्फ आइसोलेसनमा रहेका उनले भने,' सुरुमा एकदम डर लागेको थियो।'

यस अघि बर्नेमाउथले आफ्ना एक खेलाडीमा कोरोना देखिएको जनाएको थियो। तर, क्लबले खेलाडीको नाम भने गोप्य राखेको थियो। प्रिमियर लिगका खेलाडीको दोस्रो चरणको परीक्षण दौरान गोलकिपर आरोनमा कोरोना देखिएको हो। हालसम्म प्रिमियर लिगमा १७ सय ४४ खेलाडीलाई परिक्षण गर्दा ८ जनामा कोरोनाको संक्रमण देखिएको छ।

मिडिया कम्पनीको मूल्य १ डलर !

न्युजिल्याण्ड, एजेन्सी- न्युजिल्यान्डको एउटा मिडिया कम्पनी १ न्युजिल्यान्ड डलरमा बिक्री भएको छ। एक न्युजिल्यान्ड डलर बराबर ०.६१ अमेरिकी डलर हुन्छ। अस्ट्रेलियन लगानी रहेको स्टफ लिमिटेडले देशकै सबैभन्दा ठूलो समाचार वेबसाइट सञ्चालन गर्दथ्यो। कोरोना भाइरसको महामारीका कारण विश्वभर आर्थिक संकट सिर्जना भइरहेका बेला सो कम्पनी बिक्री भएको मिडियाका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सिन्हेड बाउचरले बताएकी छन्।

सो कम्पनी अष्ट्रेलियाको नाइन इन्टरटेनमेन्टको स्वामित्वमा रहेको थियो। कोरोना भाइरस महामारीका कारण विज्ञापनको आम्दानीमा भारी गिरावट आएपछि कम्पनी संकटमा परेको थियो। कम्पनीका सीईओ बाउचरले नै किनेपछि सो कम्पनी पुनः न्युजिल्यान्डको स्वामित्वमा जानेछ। खरिदबिक्रीको काम यो महिनामा सक्ने बताइएको छ।

राष्ट्रिय दैनिक तथा लोकप्रिय समाचार वेभसाइट यही नामबाट सञ्चालनमा आएका थिए। स्टफमा ४ सय जना पत्रकारकासाथै ९ सय कर्मचारी कार्यरत छन्।

स्टफले देशकै सबैभन्दा ठूलो अनलाइन मिडियाका साथै न्युजिल्यान्डको दोस्रो र तेस्रो सबैभन्दा बढी बिक्री हुने समाचार पत्र द डोमिनियन पोस्ट र द प्रेस तथा सर्वाधिक बिक्री हुने साप्ताहिक सन्डे स्टार टाइम्स समेत सञ्चालन गर्दै आएको छ।

बाउचरले सीमित दायित्वमा मिडिया खरिद गरेको र कर्मचारीलाई पनि प्रत्यक्ष सेयर दिने दिने बताएकी छन्। उनले सेयर स्वामित्व हस्तान्तरणको काम यही महिनाभित्र सक्ने जानकारी दिइन्।

दरौदीडाँडा सामुदायिक बन उपभोक्ता समूह

पा.न.पा.-९ मिरकोट, गोरखा

काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

प्रथम पटक प्रकाशन मितिः२०७७/०२/१४

यस दरौदीडाँडा सा.ब.उ.स. को बनबाट उत्पादन भई पारिडिहि घाटगद्धीमा रहेको लट नं. १ को साल, चिलाउने, असना र सिमल जातको १०९२.९१ क्यु.फि. गोलिया काठ र लट नं. २ को साल तथा अन्य जातको गरी ८.५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाउने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिनभित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि सामुदायिक बन उपभोक्ता समुहको कार्यालय, पा.न.पा. ९ मा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सूचना पार्टिमा टाँस गरिएको छ।

श्री पालुङगैरा सा.ब.उ.स.
प.न.पा.-९ मिरकोट, गोरखा
फोन नं. ९८४६०७०२५६

छात्राबास सञ्चालनको लागि सिलवन्दी दरभाउपत्र पेश गर्ने सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०२/१४

नेपाल सरकारको विशेष छात्रवृत्ति कार्यक्रम अन्तरगत यस स्कूलमा निःशुल्क डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग तहमा अध्ययन गर्ने घट (छतीस) जना छात्रछात्राहरुलाई आवास प्रयोजनको लागि काठमाण्डौं जिल्लाको बालाजु औद्योगिक क्षेत्र परिसर देखि १००० मिटरको दुरी भित्र छात्रावास आवश्यक परेकोले छात्रावास संचालन गरिरहनु भएका इजाजत प्राप्त इच्छुक छात्रावास संचालक र तालीम केन्द्रहरुबाट यो सूचना प्रकाशित मितिले १५ पन्ध्र दिन भित्र दरभाउ पत्र साथ उल्लेखित शर्तहरु सम्बन्धी अन्य विस्तृत विवरण यस स्कूलबाट प्राप्त गर्न सकिनेछ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी
बालाजु, काठमाण्डौं, **४३५०२१४, ४३५०२१३**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०५९/११/३० मा दर्ता भएको **प्रा.लि. नं. २३०४९** को **शान्ता इन्भेष्टमेन्ट्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०२/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

"तपाईको स्वास्थ्य, हाम्रो अठोट"
नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
टेकु, काठमाण्डौं

स्वास्थ्य बीमा सम्बन्धी जानकारी

स्वास्थ्य बीमा कार्यक्रम देशका प्रत्येक नागरिकलाई स्वास्थ्य उपचारमा सरल र सहज पहुँच पुर्‍याउने उदेश्यले ल्याईएको नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम हो। यसले हाल स्वास्थ्य उपचारमा अनियन्त्रित रुपमा भइरहेको व्यक्तिगत तथा परिवारिक खर्चलाई घटाउने लक्ष्य लिइएको छ। यो कार्यक्रम योगदान र सामाजिक साझेदारीमा अधारित छ। यस कार्यक्रममा परिवारलाई इकाईको रुपमा लिइएको छ। यो कार्यक्रम आ. व. २०७२/०७३ मा कैलाली जिल्लाबाट सुरु भई चरणवद्ध रुपमा देश भर विस्तार हुँदैछ। साथै आगामी आ.व. २०७७/०७८ भित्र देशका ७७ वटै जिल्लामा पुर्‍याउने लक्ष्य रहेको छ।

स्वास्थ्य बीमामा आबद्ध हुने तरिका

- प्रत्येक वडामा रहेका दर्ता सहयोगी मार्फत यस कार्यक्रममा आबद्ध हुन सकिन्छ।
- बिमीत हुन चाहने परिवारले आफ्नो घरमुली तथा अन्य सदस्यहरुको नागरिकता वा नेपाल सरकारबाट जारी वैधानिक परिचय पत्र अनिवार्य रुपमा देखाई परिवारका सबै सदस्यहरुको आवश्यक फाराम भरि दर्ता सहयोगीले मोबाइलबाट फोटो खिचेर मात्र आबद्ध हुन सकिन्छ।

बीमामा आबद्ध हुन लाग्ने योगदान रकम

- ५ जनासम्मको परिवारलाई वर्षिक रु. ३५००।-
- ५ जना भन्दा बढी सदस्य भएको परिवारमा थप प्रति सदस्यको लागि रु. ७००।-
- ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अति गरिब, अति अशक्त, अपाङ्गता भएका व्यक्ति एवं कुष्ठरोगी, एम.डि.आर. टि.वि. र एच.आइ.भि. संक्रमित बिरामी भएका घर परिवारलाई योगदान रकममा पूर्ण छुटको व्यवस्था छ।

बिमीत परिवारले पाउने सुविधाको थैली

- ५ जनासम्मको परिवारको वार्षिक रु. १,००,०००।- सम्मको स्वास्थ्य उपचार पाइन्छ।
- ५ जनाभन्दा बढी प्रति थप सदस्य बापत सुविधाको थैलीमा रु.२०,०००।- वृद्धि हुदै जान्छ र परिवार संख्या अनुसार बढीमा रु.२,००,०००।- सम्मको उपचार सुविधा पाइन्छ।
- जेष्ठ नागरिकले वार्षिक रु.१,००,०००।- सम्मको स्वास्थ्य उपचार सेवा पाउनेछन्।
- स्वास्थ्य बीमामा सुविधा लिन हरेक वर्ष अनिवार्य रुपमा नविकरण गर्नु पर्दछ।

स्वास्थ्य बीमा कार्यक्रमबाट उपलब्ध हुने सेवा सुविधाहरू

- वहिरंङ्ग, अन्तरंङ्ग, आकस्मिक तथा अन्य कक्षबाट प्रदान गरिने बीमा बोर्डले तोकेका उपचार सेवाहरु।

स्वास्थ्य बीमा लागु भई सकेका जिल्लाहरू

प्रदेश नं. १ : ईलाम, झापा, सुनसरी, सोलुखुम्बु, भोजपुर, खोटाङ्ग, संखुवासभा, मोरङ्ग, ओखलढुंगा र तेह्रथुम
प्रदेश नं. २ : महोत्तरी, पर्सा, रौतहट, धनुषा र सिराहा
प्रदेश नं. ३ : भक्तपुर, मकवानपुर, चितवन, रामेछाप, सिन्धुली,काभ्रेपलाञ्चोक र धादिङ्ग
गण्डकी प्रदेश : बाग्लुङ्ग, कास्की, म्याग्दी, तनँहु, गोरखा, स्याङ्गजा र पर्वत
प्रदेश नं. ५ : पाल्पा, बर्दिया, रोल्पा, रुकुम पूर्व, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, बाँके र गुल्मी
कर्णाली प्रदेश : जाजरकोट, सुर्खेत, रुकुम पश्चिम, जुम्ला, कालीकोट, हुम्ला, डोल्पा, मुगु र दैलेख
सुदुपश्चिम प्रदेश : कैलाली, अछाम, बैतडी, बाजुरा, बझाङ्ग, दार्चुला, कञ्चनपुर, डोटी र डडेलधुरा

तत्काल लागु हुने जिल्लाहरू

धनकुटा, सप्तरी, रुपन्देही र नुवाकोट

थप जानकारीको लागि

www.hib.gov.np मा लग इन अथवा कार्यालय समयभित्र
हट लाइन १६६०-०१-११२२४ मा फोन गर्नुहोस।

"सबैले समयमै स्वास्थ्य बीमा गरौं, परिवारको स्वास्थ्य उपचारमा ढुक्क होऔं"

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
गाईघाट, उदयपुर
प्रदेशनं. १, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः२०७७।०२।१४)

यस कार्यालयको लागि चालु आ.व.२०७६।०७७ को स्विकृत बार्षिक कार्यक्रम अनुसार सडक तर्फका तपसिल बमोजिमका ठेक्काहरुका लागि मिति २०७६।११।०८ र २०७६।१२।०७ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E-Submission बाट दर्ता भई प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित वोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि प्रकाशित मिति देखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

सि.नं	ठेक्का न.	कार्यको विवरण	बोलपत्रदाताको नाम ठेगाना	कवोल रकम (मु.अ.कर र पि.एस. समेत) रु
१	IDO/UDA/NCB/W/30/076-077	Upgrading of Beltar-Kamphughat-Tamabhanjyang-Solu-Salleri Road (Beltar-Birendrabazar Section)	Worldwide/Ramsagar JV	3,33,08,297.97
२	IDO/UDA/NCB/W/31/076-077	Upgrading of Beltar-Kamphughat-Tamabhanjyang-Solu-Salleri Road (Birendrabazar-Kamphughat Section)	Joshi-Pabitra J/V,Udayapur	1,52,44,825.62
३	IDO/UDA/NCB/W/38/076-077	Upgrading of Chatara-Chuhaar-Ghurmi Road (Sunkoshi Corridor),Udaypur	sagarmatha/susham aditya/regmi JV,Udaypur	1,52,29,028.06

कार्यालय प्रमुख

बन्दाबन्दीका समयको घरभाडा छुट गराउन माग

रवीन्द्र काफ्ले/रासस– पाँचथरमा व्यवसायीले बन्दाबन्दीका समयको घरभाडा छुट गराउन माग गरेका छन् । यहाँका १४० व्यवसायीले सरोकारवाला निकायमा ज्ञापनपत्र बुझाउँदै बन्दाबन्दीका कारण आर्थिक सङ्कटमा परेको भन्दै व्यवसायको घरभाडा छुटको प्रबन्ध मिलाउन माग गरेका हुन् । उनीहरूले पाँचथर उद्योग वाणिज्य सङ्घ, फिदिम नगरपालिका र जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउँदै बन्दाबन्दीले व्यवसायी व्यवसाय बन्द गर्ने अवस्थामा पुगेकाले उक्त अवधिको भाडा छुट गराउन माग गरेका हुन् । बन्दाबन्दीको दुई महिना पूरा हुँदा घरधनीले भाडा माग्ने र नदिए व्यवसाय बन्द गर्न दबाब दिएको उनीहरूको गुनासो छ ।

विशेषत साना तथा मझौला व्यवसायी बन्दाबन्दीको चपेटामा परेकाले बन्दाबन्दीका समयको भाडा छुट गराउन माग गरिएको व्यवसायी सुनिता केरुङले बताउनुभयो । "व्यवसायी लकडाउन भन्न पाउनुभएको छैन । घरभाडा नबुझाइ नहुने, बैङ्कको किस्ता पनि तिर्नै पर्ने अवस्था आएको छ", केरुङले भने, "धेरै व्यवसायी पलायन हुने स्थितिमा पुगेकाले भाडा मात्रै भए पनि छुट गराउन माग गरेका हौँ । कतिपय व्यवसायीलाई जीवन निर्वाहमा समस्या सिर्जना हुन थालेको तथा बैंक तथा वित्तीय संस्थाको ऋण र किस्ता बुझाउन असमर्थ हुँदा व्यवसाय छोड्नुपर्ने स्थिति आएको व्यवसायी लक्ष्मण लावतीको भनाइ छ ।

व्यवसायीहरूको ज्ञापनपत्र बुझ्दै फिदिम नगरपालिकाका प्रमुख ओनाहाङ नेम्वाङले व्यवसायीलाई परेको समस्याबारे आफूहरू जानकार रहे पनि सङ्घीय सरकारबाट स्पष्ट नीति नबन्दासम्म स्थानीयस्तरमा ठोस काम गर्न कठिन परेको बताए । उनले नगरपालिकाभित्र बन्दाबन्दीका समयको भाडा छुट गराउन आफूले पहल गर्ने बताए । पाँचथर उद्योग वाणिज्य सङ्घका महासचिव नवराज घिमिरे बन्दाबन्दीको प्रभावले कतिपय व्यवसायीले नै व्यवसाय बन्द गरेको बताउँछन् । "घर भाडा, बैंकको ऋण र दैनिकी सञ्चालनमा समस्या पर्दा कतिपयले व्यवसाय नै बन्द गर्नुभएको छ", घिमिरेले भने । पाँचथर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपक नेपाल व्यवसायीलाई कर, ब्याजदर र भाडा छुट अत्यावश्यक रहेको बताउँछन् । यहाँका व्यवसायीका गुनासा उद्योग वाणिज्य सङ्घका प्रदेश तथा केन्द्रीय समितिमा समेत राखिएको बताउँदै अध्यक्ष नेपालले सङ्घीय सरकारले स्पष्ट नीति बनाइ व्यवसायीलाई सहयोग गर्नुपर्ने बताए । बन्दाबन्दीका समयको घरभाडा छुट गराउँदा घरधनीलाई घरबहाल करको दायरामा ल्याउने अवसरसमेत रहेको नेपालको भनाइ छ । "अहिलेसम्म व्यवसायीले नै घरधनीको घरबहाल करसमेत तिर्नुपर्ने अवस्था थियो । अब घरधनीलाई घरबहाल करको दायरामा ल्याउन भाडा छुटका लागि कुनै मापदण्ड बनाउनैपर्छ", उनले भने ।

यहाँ धेरै साना तथा मझौला व्यवसायी लकडाउन खुल्नेबित्तिकै व्यवसाय सञ्चालन गर्न नसक्ने अवस्थामा छन् । धेरैले आफूकहाँ रहेको सामग्री बिक्री गरिसकेका छन् र व्यवसायको चालू पूँजीसमेत दैनिकी चलाउन खर्च गरिसकेका छन् ।

"भाडा छुट दिएर मात्रै पनि पुग्दैन । लकडाउन खुल्नेबित्तिकै व्यवसाय सञ्चालनमा आउँदैनन्", अध्यक्ष नेपालले भने, "सामान बिक्री भइसक्यो, सङ्कलित रकमसमेत दैनिकीमा खर्च भयो । अब सरकारले चालू पूँजी सस्तो ब्याजदरमा उपलब्ध गराउनुपर्छ ।" पाँचथरमा पाँचथर उद्योग वाणिज्य सङ्घ तथा सरकारी निकायमा दर्ता भएका झण्डै तीन हजार व्यवसायी छन् ।

बजेटमा कृषिलाई प्राथमिकतामा राख्न सुझाव

काठमाडौं, मस– कोरोना भाइरसका कारण सङ्कटमा परेको पर्यटन तथा औद्योगिक क्षेत्रलाई उकास्न तथा बजेटमा कृषि क्षेत्रलाई प्राथमिकतामा राख्न सुझाव दिइएको छ ।

'कोभिड -१९ ले पारेको असर र त्यसपछिको उद्यम'का विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसाल र भैरहवा क्षेत्रका उद्यमीबीच भएको अनलाइन छलफलमा कृषिमा व्यावसायिकता आवश्यक रहेकामा जोड दिइयो ।

छलफलमा मन्त्री घनश्याम भुसालले किसानका लागि सस्तो र सुलभ ऋण सञ्चालन गर्न जोड दिँदै प्राविधिक खेतीको बीमा जरुरी भएको बताउनुभयो ।

आगामी बजेटमा कोरोनाको कारण बाहिरबाट स्वदेश फर्केकाहरुलाई कृषि उद्यममा जोड्ने गरी कार्यक्रम ल्याउन लागिएको तथा बाँझा जमीन उपयोग गर्ने र चक्लाबन्दीमा लैजाने कुरामा बजेट केन्द्रित गर्ने तयारी गरिएको जानकारी दिनुभयो । उनले भने, 'पहाडमा ३० प्रतिशत बाँझो जमीन छ । तराईमा पनि ठूलो ठूलो बगरको जमीन छ । ती जमीनमा फलफूल वा मौसमी तरकारी गर्न सकिन्छ ।'

मन्त्री भुसालले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना त्यसतर्फ केन्द्रित गरेर बाँझो जमीन उपयोग गर्नेतर्फ सरकारले तयारी गरिरहेको जानकारी दिए ।

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य राजेशकुमार अग्रवालले उन्नत बीउ र मल, सिंचाइ र प्रविधिको व्यवस्थापन मिलाएर सहकारीको ढाँचामा कृषिलाई अगाडि बढाउनुपर्ने सुझाव दिए । महासङ्घका अर्का केन्द्रीय सदस्य कृष्णप्रसाद शर्माले लकडाउनका कारण खाद्य उद्योग पनि पूर्ण क्षमतामा चल्न नसकेको बताए ।

अनलाइनमार्फत जुम एपमा भएको छलफलमा कोरोनापछिको भरपर्दो उद्यम कृषि नै भएको उद्योग वाणिज्य सङ्घ सिद्धार्थनगरका सल्लाहकार जीवलाल अर्यालले बताए । सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष विष्णुप्रसाद शर्माले किसानलाई सहयोग हुने गरी ठोस नीतिसहितको बजेट ल्याउनुपर्ने सुझाव दिए । सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष कुलप्रसाद न्यौपानेले सरकारले तत्काल बीउ र मलखादको व्यवस्थापनमा जोड दिनुपर्ने बताए । उद्यमी अरुण गोयन्काले कोरोनापछिको आर्थिक अवस्था उकास्ने कृषि नै भएको तर्क गरे । भन्सार एजेन्ट संघका पूर्वअध्यक्ष कृष्णप्रसाद घिमिरेले भन्सारबाट निर्बाध रुपमा हरियो तरकारी आयात भइरहेको अवगत गराए ।

६१ प्रतिशत नागरिकको बैंक खाता

काठमाडौं/मस– सरकारले वित्तीय पहुँच अभिवृद्धिलाई बढावा दिएका कारण बैंक तथा वित्तीय संस्थामा करीब ६१ प्रतिशत नागरिकको बैंक खाता रहेको पाइएको छ । चालू आवको फागुन मसान्तसम्म कूल ७५३ मध्ये ७४६ स्थानीय तहमा वाणिज्य बैंकको शाखा खुलेको र वित्तीय पहुँचसमेत बढेको पाइएको हो ।

अब मात्रै सात स्थानीय तहमा वाणिज्य बैंकको शाखा खुल्न बाँकी छ । बैंक तथा वित्तीय संस्था एवं लघुवित्त वित्तीय संस्था समेतको शाखा सङ्ख्या नौ हजार ६४० पुगेको छ । अर्थमन्त्री डा युवराज खतिवडाले सङ्घीय संसद्मा पेश गरेको आर्थिक सर्वेक्षण २०७६/७७ मा चालू आवको फागुन मसान्तसम्म २७ वाणिज्य बैंक, २३ विकास बैंक, २२ वित्त कम्पनी, ८९ लघुवित्त वित्तीय संस्था र एक पूर्वाधार विकास बैंक गरी कूल १६२ बैंक तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन् ।

अघिल्लो फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको निक्षेप ९.७ प्रतिशतले बढेकामा चालू आवको सोही अवधिमा आठ प्रतिशतले वृद्धि भई ३४ खर्ब ९४ अर्ब २१ करोड पुगेको छ । गत फागुन मसान्तसम्म निजी क्षेत्रतर्फको कर्जाको वृद्धि ११.३ प्रतिशत रहेको छ । अघिल्लो आवको फागुनमा सो वृद्धिदर १५.७ प्रतिशत रहेको सर्वेक्षणमा समावेश छ ।

गत फागुन मसान्तसम्म वैदेशिक रोजगारमा जाने कामदारसहितको गरी २६ प्रतिशत जनसङ्ख्यामा बीमाको पहुँच पुगेको छ । सर्वेक्षणअनुसार गत फागुन मसान्तसम्म सहकारी संस्थाको सङ्ख्या ३४ हजार ८३७ पुगेका थिए भने शेयर सदस्य सङ्ख्या ६५ लाख १५ हजार ४६० र शेयर पूँजी रु ७७ अर्ब २४ करोड रहेको छ । सहकारी क्षेत्रले ६८ हजार ४०० लाई प्रत्यक्षरुपमा रोजगारी दिएको छ ।

यस्तै गत फागुन मसान्तसम्म धितोपत्र बजार पूँजीकरण रु १७ खर्ब ६० अर्ब ९३ करोड रहेको छ । गत फागुन मसान्तसम्म कूल वस्तु निर्यात २२.३ प्रतिशतले वृद्धि भई रु ७४ अर्ब ९१ करोड पुगेको छ भने वस्तु आयात २.६ प्रतिशतले घटेर रु नौ खर्ब २४ अर्ब २४ करोड रहेको छ । यसअघि वस्तु व्यापार घाटा ४.३ प्रतिशतले सङ्कुचन भई रु आठ खर्ब ४९ अर्ब ३३ करोडमा सीमित भएको छ ।

आर्थिक वर्ष २०७५/७६ को फागुन मसान्तसम्म रु ५८ अर्ब ९९ करोडले घाटामा रहेको शोधनान्तर स्थिति चालू आवको सोही अवधिमा रु ३७ अर्ब ८४ करोडले बचतमा छ । अघिल्लो फागुन मसान्तसम्म रु एक खर्ब ९१ अर्ब ४९ करोडले घाटामा रहेको चालू खाता चालू आवको सोही अवधिमा सुधार भई रु एक खर्ब २४ अर्ब ९३ करोडमा कायम छ ।

गत फागुन मसान्तसम्म कूल विदेशी विनिमय सञ्चिति २०७६ असारको १० खर्ब ३९ अर्बबाट बढेर ११ खर्ब ३६ अर्ब ५१ करोड पुगेको छ । यो सञ्चिति १० महिनाको वस्तु आयात र ८.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।

निर्माण व्यवसायी महासंघको आपत्ति

काठमाडौं/मस– निर्माण सामग्री र ढुवानीमा मिलेमतोमा कृत्रिम अभाव सिर्जना गरी अत्यधिक मूल्यवृद्धि गरिएकाप्रति ध्यानाकर्षण भएको नेपाल निर्माण व्यवसायी महासङ्घले जनाएको छ । महासङ्घका महासचिव रोशन दाहालले मंगलबार विज्ञप्ति जारी गर्दै कोरोनाको कहरबीच सरकारी निर्णय बमोजिम निर्माणमा खटिएका व्यवसायी कालोबजारीले गर्दा थप मारमा परेको उल्लेख गरेका हुन् । बन्दाबन्दीअघि भन्दा सिमेन्ट प्रति बोरा ८० देखि १२० र रड प्रति केजी १० देखि १५ सम्म मूल्यवृद्धि भएको जानकारी महासङ्घलाई प्राप्त भएको विज्ञप्तिमा उल्लेख छ । निर्माण सामग्री ढुवानीमा पनि बन्दाबन्दीअघिको मुल्यभन्दा डेढ गुणा बढी मुल्यवृद्धि भएको महासङ्घले जनाएको छ ।

विश्व बजार सहित नेपालमा समेत पेट्रोलियम पदार्थको मूल्यमा गिरावट आइरहेको अवस्थामा ढुवानीमा चर्को मूल्यवृद्धि हुनु कुनै पनि दृष्टिकोणबाट मान्य हुन नसक्ने महासचिव दाहालले बताए । कोरोना सङ्क्रमणका कारण काम गर्न समस्या भइरहेको समयमा मुल्यवृद्धि गरी कालोबजारी हुँदा विशेष गरी साना निर्माण व्यवसायी १२ महिनाभन्दा कम अवधि भएका निर्माण आयोजनाको मूल्य समायोजन नहुँदा समस्यामा परेको उनको भनाइ छ । सिङ्गो मुलुक र विश्व नै कोरोना सङ्क्रमणका कारण आक्रान्त भइरहेको अहिलेको जटिल समयमा हचुवाको भरमा कृत्रिम रुपमा गरिएको मूल्यवृद्धिको कारण विकास निर्माणमा थप लागत बढ्न गई सरकारलाई नै आर्थिक भार पर्न जाने ठहर महासङ्घले गरेको छ । केही व्यक्तिले फाइदा उठाउन गरिएको मूल्यवृद्धिलाई तत्काल नरोके विषम परिस्थितिमा काम नभई 'ओभरहेड' खर्च मात्र बढ्ने महासङ्घले जनाएको छ । बन्दाबन्दीको समयमा अति आवश्यक सेवा र कोभिड-१९ सँग सम्बन्धित बाहेकका खरीद प्रक्रियाका बोलपत्र सामान्य अवस्थामा फर्केको सात दिनसम्म अनिवार्य म्याद थप गर्ने व्यवस्था हालसम्म लागू नभएकाले त्यसका लागि पुन: सम्पूर्ण सार्वजनिक निकायसमक्ष अनुरोध गरेको महासङ्घले जनाएको छ ।

हङकङबाट सिटी एक्सप्रेसबाट पैसा पठाउन सकिने

काठमाडौं/मस– हङकङको ख्यातिप्राप्त केएमई रेमिटेन्स लिमिटेड र सिटी एक्सप्रेस मनी ट्रान्सफरबीच रेमिटेन्स कारोबार सुरु भएको छ ।

हङकङमा रहेका नेपालीहरुले केएमई रेमिटेन्सबाट सिटी एक्सप्रेस मार्फत अब सजिलै आफ्नो आफन्तलाई नेपालमा पैसा पठाउन सक्ने छन् । नेपालमा सिटी एक्सप्रेससंग आबद्ध ७५०० भन्दा बढि एजेन्टहरुबाट सजिलै भुक्तानी लिन सकिने, नेपालको जुनसुकै बैंकको खातामा रकम जम्मा गर्न र मोबाईल वालेटमा लोड गर्न सकिने पनि जनाइएको छ । उक्त सम्झौतामा सिटी एक्सप्रेसको तर्फबाट सिटी एक्सप्रेस मनी ट्रान्सफरका प्रबन्ध निर्देशक चन्द्र टण्डन र केएमई रेमिटेन्स लिमिटेडको तर्फबाट निर्देशक कबिता गुरुङ्गले हस्ताक्षर गरेका छन् ।

मंगलबार औपचारिक समारोहकाबीच हङकङबाट नेपाल पठाउने पहिलो बिप्रेषण कारोबार नेपालको लागि हङकङका महा-बाणिज्य दूत कमल प्रसाद भट्टराईले उद्घाटन गरी रेमिटेन्स कारोबार सुरु गरेका थिए । साथै नेपालमा बिप्रेषण पठाउदा १ हप्ता को लागि नि:शुल्क पठाउने व्यवस्था गरिएको छ र यो व्यवस्था ३१ मे २०२० सम्म लागु हुनेछ ।

सिटी एक्सप्रेसले रेमिटेन्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १३ वर्ष देखि विश्व भरी आफ्नो रेमिट एजेन्टहरुबाट ७ हजार ५ सय भन्दाबढि नेपालको एजेन्टहरु मार्फत भुक्तानी प्रदान गर्दै आइरहेको छ ।

जातीय छुवाछूत गर्नु कानुनी रूपमा दण्डनीय र सामाजिक रूपमा निन्दनीय हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**